# ललितपुर महानगरपालिका

## ललितपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पुल्चोक, ललितपुर ३ नं. प्रदेश, नेपाल


ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

२०७५।६।२८

ललितपुर महानगरपालिकामा फुटबल खेललाई व्यवस्थीत गर्न ललितपुर महानगर स्थित "ए" "बि" र "सी" डिभिजन फुटबल टिमहरुलाई प्रोत्साहित गर्ने दोस्रो नगरसभाको नीति अनुरुप ललितपुर महानगरपालिकाको मिति २०७५ असोज २६ गते शुक्रबार भएको कार्यपालिका बैठकवाट "ए" डिभिजनलाई बार्षिक रु.४ लाख, "बि" डिभिजनलाई बार्षिक रु.३ लाख र "सी" डिभिजनलाई बार्षिक रु.२ लाख आर्थिक सहयोग गर्ने निर्णय भएको छ । ११ वटा राष्ट्रिय फुटबल खेलहरु मध्ये जम्मा ७ वटा खेलहरुमा जीत हासिल गरेको श्री स्टार क्लबलाई दोश्रो नगरसभाको विशेष आर्थिक सहयोग गरिने नीतिअनुरुप कार्यपालिका बैठकवाट प्रति जित बापत रु.४ लाखका दरले रु.२८,००,००० (अठ्ठाइस लाख) सहयोग गर्ने निर्णय भएको छ । साथै आगामी दिनमा लालितपुरका "ए" डिभिजनका क्लबहरुले राष्ट्रिय खेल जितेको खण्डमा रु.४ लाख सम्मान स्वरुप पुरस्कार दिने निर्णय पनि गरेको व्यहोरा सबैमा जानकारी गराउँदछु ।

..................

राजु महर्जन
प्रबक्ता